# प्रदेश सभा
# गण्डकी प्रदेश
# विशेष अधिवेशन
# आठौं बैठक
# मितिः- २०७७/१०/०५ गते सोमवार
# कार्यवाहीको सम्पूर्ण विवरण

प्रदेश सभा, गण्डकी प्रदेशको विशेष अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको ३ बजेर १५ मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुखः-** माननीय सदस्यहरु, आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ।माननीय सदस्यहरु, सर्वप्रथम माननीय कृष्णचन्द्र नेपाली पोखरेलले दर्ता गर्नु भएको सङ्कल्प प्रस्ताव माथिको बाँकि छलफल प्रारम्भ हुन्छ। छलफलमा भाग लिन चाहनुहुने प्रत्येक माननीय सदस्यको लागि १० मिनेटको समय निर्धारण गरेको छु। निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

सर्वप्रथम माननीय सदस्य श्री जुनादेवी नेपालीलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री राम बहादुर गुरुङ।

**माननीय सदस्य श्री जुनादेवी नेपाली**

माननीय सभामुखज्यू, सर्वप्रथम म ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त

गर्दछु। कोभिड-१९ को परीक्षण, उपचार र पूर्वाधार, खोप सम्बन्धी सङ्कल्प प्रस्ताव प्रदेश सभा, गण्डकी प्रदेश, विशेष अधिवेशनको आज छैंटौं बैठकमा सङ्कल्प प्रस्ताव छलफलमा सहभागिता हुने अवसर दिनु भएकोमा म सभामुखज्यू प्रति आभारी हुँदै सरकारले गरेका काम, आगामी योजना र प्रदेश बासीमा अवगत हुने यो अवसर सृजना भएको छ। यो सकारात्मक पक्षको रुपमा मैले हेरेको छु र म सङ्कल्प प्रस्ताव प्रति शुभकामना व्यक्त गर्दछु र समर्थन पनि गर्दछु । कोभिड-१९ को संक्रमण चीनको वुहान शहरबाट प्रारम्भ भएर युरोप, अमेरिका हुँदै नेपाल प्रवेश गरेको अवस्थामा गण्डकी प्रदेशमा २०७६ चैत्र १८ गते पुष्टि भएको थियो। यो महाव्याधी संक्रमण, नियन्त्रण तथा उपचारका लागि आवश्यक भौतिक पूर्वाधार, प्रयोगशाला, स्वास्थ्य जनशक्ति, यन्त्र, उपकरण तथा अन्य स्वास्थ्य सामग्री नभएको अवस्था थियो । हामी सबैलाई अवगत नै छ । अचानक आएको यो बिषम परिस्थितिबाट मानव जीवनको रक्षा गर्ने प्रदेशवासीलाई बचाउन जनताको जनजीवनलाई सहज बनाउन सरकारले सिमित श्रोत साधनको अधिकतम उपयोग गरी काम गर्दै अगाडि बढिरहेको छ भनिन्छ घाँटी हेरी के निल्ने भनेझै यो नेपाली उखान छ । हामी भावना र कल्पनामा मात्र डुवेर होइन वास्ताविकता र यथार्थ धरातलमा टेकेर कुरा गर्नु पर्दछ । कोभिड-१९ को विरुद्धमा लड्नको लागि अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी सम्पूर्णमा म सम्मान र धन्यवाद दिन चाहन्छु र गण्डकी प्रदेश सरकारले कोभिड-१९ को संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार गर्न माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा गठित उच्चस्तरीय निर्देशक समिति लगायत विभिन्न समितिहरु गठन परिचालन अस्पतालहरुको

छनौट अनि क्वारेन्टाइन तथा आईसोलेसन व्यवस्थापन,आइसियु स्थापना तथा प्रदेश स्तरिय सरुवा रोग अस्पताल स्थापना र सञ्चालन उपचार कोष स्थापना र सञ्चालन, आवश्यक स्वास्थ्य सामग्री एवं औजार-उपकरण खरिद, आइसोलेसन पूर्वाधार विकास सम्वन्धमा माननीय मन्त्रीज्यूले विस्तृत रुपमा यस सम्माननीय सदन समक्ष राखिसक्नु भएको छ, म त्यो कुरालाई पूर्ण समर्थन गर्दछु र बन्दाबन्दीको वेलामा अति विपन्न तथा सिमान्तकृत नागरीकहरुलाई स्थानीय तहको समन्वयमा राहत वितरण भएको थियो । वैदेशिक रोजगारीमा भएका समस्यामा परेका नागरीकलाई यातायात सुविधा दिई नेपाल हुँदै घर ल्याउने काम यो सरकारले गरेको थियो। सरकारले तोकेका अस्पतालहरुमा सबैका लागि निशुल्क कोभिड-१९ उपचार गराउन व्यवस्था मिलाएको थियो।संघ र स्थानीय तहको सहकार्यमा स्वास्थ्य बिमा कार्यक्रम अभियानको रुपमा अगाडि बढिरहेको कुरा हामीलाई अवगत नै छ र जिल्ला अस्पतालहरुको सुदृढिकरण र जनताको विश्वास बढेको कुरा पनि हामी नकार्न सक्दैनौं र सरकारले गरेको अझै महत्वपूर्ण स्थानीय तहमा एकैपटक पालिकाहरुमा एक पालिका एक हस्पिटल शिलान्यास यो अति महत्वपूर्ण रहेको छ र सुत्केरी हुने घरघरमा स्वास्थ्यकर्मी सेवा शुरुवात भएको छ। यो सरकारले गरेको महत्वपूर्ण कामको रुपमा हामी लिन सकिन्छ । जोखिमपूर्ण अवस्थामा रहेका गर्भवती सुत्केरी महिलालाई हवाई उद्धार गरी उपचार गर्ने मृगौला रोगी डायलासिस सेवा विस्तार गर्ने राजमार्ग घुम्ती अस्पताल र आवश्यकता र मागको आधारमा स्वास्थ्य सम्वन्धी भवन निर्माण जस्ता कार्यक्रमहरु सरकारले अगाडि बढाईरहेको छ, हामी सम्पूर्णलाई जानकारी नै छ । यो साझा सङ्कल्प प्रस्तावमा आएका बुँदाहरु सरकारले गरेका प्रयासलाई

अझै निरन्तरता दिनुपर्ने र त्यसमा जोड भएको छ र आगामी दिनमा गर्नुपर्ने कार्ययोजनाको रुपमा आएको मैले महसुस गरेको छु । यसमा भएका धेरै कुराहरु सरकारको नियमित गतिविधि भित्र पर्दछन। यसलाई छिटो व्यवस्थापन गर्ने भन्ने कुरा त्यो महत्वपूर्ण कुरा हो र यो कोभिड-१९ को सामाजिक तथा आर्थिक विषयका सन्दर्भमा सबैभन्दा जोखिममा रहेका यस प्रदेशका १४.९१ प्रतिशत गरिबी विपन्न र सिमान्तकृत समुदायलाई लक्षित गरी स्वास्थ्य, पोषण तथा शिक्षालाई प्राथमिकता दिने जस्ता सामाजिक सुरक्षाका प्रवधानहरुलाई विस्तार गर्ने उनीहरुको रक्षा गर्नु भनेको जीवन रक्षा गर्ने औषधी खोपमा पहुँच सुनिश्चित गर्ने सामाजिक, आर्थिक विकासमा योगदान पुऱ्याउने आयोजनाहरुमा सीपयुक्त दक्ष जनशक्ति मजदुरहरु निर्माण गरी विकास निर्माणमा लगाउने उनीहरुको जिविकोपार्जनमा सहयोग पुऱ्याउने यो आवश्यक देखिन्छ र स्वास्थ्य जनशक्तिलाई जिल्ला अस्पतालहरुमा रहनको लागि अझै भन्दा आउन अप्ठ्यारो गरी रहन्छन, आउनको लागि र सेवा प्रवाह गर्नको लागि उनीहरुलाई उत्प्रेरणाको आवश्यक अझै देखिन्छ र लामो समय देखि पर्वत जिल्लाको सन्दर्भमा मैले कुरा गरिरहेको छु । अन्य जिल्लाको मैले त्यति धेरै अध्ययन गरिसकेको छैन। दरबन्दी थप गर्ने र गण्डकी प्रदेश सरकारको सहयोगमा सघन उपचार कक्ष र भेन्टिलेटरको स्थापना गरीएको र तालिम प्राप्त कर्मचारी अभावका कारण उपचार शुरु भएको छैन यसलाई व्यवस्थापन गर्न बाँकि छ । कोभिड-१९ का कारण प्रदेश मातहत रहेका जिल्ला अस्पतालहरुमा कर्मचारी अभाव तत्कालको लागी समाधान गर्न स्थानीय पालिकाहरुसँग समन्वय गरी स्वास्थ्यकर्मीहरुको व्यवस्थापन र परिचालन गर्न यो अझै आवश्यक देखिन्छ,

भनिन्छ यो रोधी घरमा पसेपछि नगाएर के गर्ने त गाउनै पर्‍यो भनेर एउटाले भन्थ्यो अरे र त्यस्तो प्रचलन पनि रहयो। मुलुकमा राजनैतिक परिवर्तन पछाडि नेपालको संविधान आयो संविधानको कार्यान्वयन जनतालाई अधिकार सम्पन्न बनाउने जनताको अधिकारलाई डेलिभरी गर्ने र पछाडि पारिएका सामाजिक समुदायहरुको हितको लागि विभिन्न संवैधानिक आयोगहरुको व्यवस्था छ, ती संवैधानिक आयोगहरु साढे दुई बर्षसम्म पनि त्यहाँ नियुक्ति हुन नपाउनु र विभिन्न पदहरु खाली नै रहनु यस्तो प्रतिकूलताको बीचमा पनि मुलुकले जनताका जनजीवनका साथमा महत्वपूर्ण उपलब्धिहरु हाँसिल गरेको छ, हामी सुनिरहेका छौं र कैयौं हामी अनुभव गरिरहेका छौं र युगान्तकारी कामहरु शुरुवात भएका छन् । अहिले गाउँ गाउँमा विकासले फड्को मारिरहेको छ र यति हुँदाहुँदै पनि केही नेताहरु सरकारको विरोध मात्रै गरीरहने नकारात्मक मनोविज्ञान भ्रम सृजना गर्ने निर्वाचनमा जाँदा संविधान अप्ठ्यारोमा पर्छ, लोकतन्त्र संकटमा पर्छ, मुलुक अस्थिरतातर्फ धकेलिन्छ भनेर चलाउन खोजिएका प्रचार, आशंका या विकृति, विसंगतिहरु म आज यो सम्मानित सदन मार्फत के आव्हान गर्न चाहन्छु भने एउटा नागरीकको हैसियतले आफ्नो अधिकार बारे आँफू सचेत हुने र अरुलाई सचेत गराउने असल वानी व्यवहारहरु आँफुले अवलम्वन गर्ने र समुदायमा भएका विकृती विसंगतिहरु हटाउन पहल गर्ने जुन नागरिकको एउटा कर्तव्य हुन आँउछ त्यसरीनै अहिले यस्ता विकृति विसंगतिहरु जुन अफवाहहरु फैलाउने क्रम बढेको छ । त्यसलाई निर्वाध तह लगाउने अहिलेको आवश्यकता हो र अहिलेको आवश्यकता भनेको जननिर्वाचित सरकारले काम गर्न पाँउदैन भने उसले पुनरावेदन गर्न जाने ठाउँ जनता समक्ष नै हो।

सर्वेसर्वा नै जनता हुन । जनतालाई फैसला गर्न दिनु नै सबैभन्दा लोकतान्त्रिक विकल्प हो र प्रतिगमनलाई रोक्न नेपालको संविधान कार्यान्वयन गर्न राजनीतिक स्थायित्व ल्याउन र देशको समृद्धि र विकास आर्थिक विकास र समृद्धिका लागी र सिमा समस्या समाधान गर्न र राष्ट्रियतालाई जोगाउनको लागी पनि ताजा जनादेशमा जानु उत्तम विकल्प हो भन्दै म पुन यो सङ्कल्प प्रस्ताव समर्थन गर्दै मेरो भनाई अन्त्य गर्दछु। धन्यवाद।

**माननीय सभामुखः**- माननीय सदस्य, श्री रामबहादुर गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री भागवत प्रकाश मल्ल।

**माननीय सदस्य श्री रामबहादुर गुरुङः-** माननीय सभामुखज्यू, आज विशेष अधिवेशनको सिलसिलामा आज महत्वपूर्ण छलफल आज छ दिनसम्म भैरहेकै छ। त्यो छलफलको क्रममा यो विशेष अधिवेशनको महत्वलाई भन्दा पनि र दोहोरी खेलिएको जस्तो यो सदनको मर्म र भावना होईन जस्तो मलाई लाग्छ। त्यस्तो हुँदा खेरी यो सदन प्रतिको अपमान हो भन्ने कुरा मैले बुझेको छु। आज हामी कोभिड-१९ को सन्दर्भमा, स्वास्थ्यको सन्दर्भमा आज २०१९ बाट आज २०२१ सम्म आउँदा संसारैभरि संक्रमितको अवस्था दिन प्रतिदिन घटने, बढ्ने भैरहेको कुरा यहाँहरु सबैलाई थाहा छ। आज हामी भ्याक्सिन तयार भयो भन्छौं तर पनि उपलब्ध भएको छैन । कार्यन्वयनमा हामीले रिजल्ट प्राप्त गर्न सकेको छैन। त्यसकारणले हामी यो सङ्कल्प प्रस्तावमा मलाई लागेको छ। गण्डकी प्रदेशले मात्रै होईन नेपाल सरकारले केन्द्रीय सरकारले कोभिड-१९ को बिषयमा जग मात्रै हालेको होईन पक्का घरै बनाएर

कार्यविधि र नीति बनाएर अगाडि बढेको कुरा यहाँहरु सबैलाई जानकारी छ र त्यसो भएतापनि आज यो सङ्कल्प प्रस्तावमा मैले समर्थन र पार्टीले गरेको छ। त्यो प्रति मेरो पनि समर्थन छ भन्ने यहाँहरुलाई राख्न चाहन्छु तर सङ्कल्प प्रस्तावमा घरको धुरी मारेको हो कि जग मात्रै हो, वास्तवमा ठोस केही पनि आएको छैन। गण्डकी प्रदेशले सबै कामहरु गरीसकेको कुराहरु यहाँ सङ्कल्प प्रस्तावमा राखिएको छ। त्यसकारणले यो सङ्कल्प प्रस्तावको म विरोध हैन तर पनि एउटा ईट्टा माथि अर्को ईट्टा थप्दा राम्रै हुन्छ कि भन्ने सवालमा यो छलफल भएको जस्तो मलाई लाग्छ। त्यसकारणले पहिलेको सङ्कल्प प्रस्ताव फेल भयो प्रतिपक्षले हामीले भनेको कुरा मानेन सत्ता पक्षले उ गऱ्यो यो गऱ्यो भन्दा पनि वास्तवमा सत्ता पक्षले जे गऱ्यो त्यो सही गरेको थियो। परिस्थिति अनुसार चलेको थियो। त्यसकारणले आज तपाईंहरु सबैलाई थाहा छ, संसारको आर्थिक अवस्था डामाडोल छ, हामी संसारको सबैभन्दा गरीब मुलुकको रुपमा हामी छौं भने अमेरिका जस्तो विकसित मुलुकहरुमा आज आर्थिक संकट पर्न लागिरहेको छ। हामीले कुरा गऱ्यौं साथीहरुले बेरोजगारी भयो। अनि महङ्गी बढ्यो तर साथीहरुले यो कुरा किन राख्न सकेन। देशको उद्योगधन्दा बन्द भएको छ। उत्पादन क्षेत्र बन्द भएको छ। पर्यटन क्षेत्र बन्द भएको छ। संसारको एक देशबाट एउटा घरबाट अर्को घरमा जाने अवस्था थिएन भन्ने कुरा किन बुझ्न सकेन। सरकारलाई दोष लगाएर छुट पाउने कुरा केही पनि होईन त्यसकारणले आगामी दिनमा यस्तो कुरा नराख्न विनम्र अनुरोध गर्न चाहन्छु। यो दोहोरी खेल्ने ठाउँ होइन समस्याको समाधान गर्ने केन्द्रविन्दु हो भन्ने कुरा मैले ठानेको छु। तपाईंहरुलाई थाहा छ यो कोभिड-१९ पछि सरकारले नेपाल सरकारले राज्यले मैत्री

नीतिमा म निर्यात व्यवसायी महासंघको अध्यक्ष  भएको नाताले दुई खर्व रुपैयाँ व्यवसायी उत्थानको लागि डुवेको व्यवसायीलाई उठाउनको लागि पर्यटन र उद्योग धन्दा सबैको सञ्चालन गर्नका लागि र बेरोजगारीलाई रोजगार दिनको लागि सरकारलाई अनुदानको लागि दुई खर्व ऋण हामीले माग गरेका थियौं तर पनि सरकारले सम्वोधन गर्‍यो।एक खर्व यस्तो अवस्थामा पनि छुटाएर राज्यले पर्यटन उद्योग र उद्योगधन्दा सञ्चालन गर्न कृषिलाई यो अनुदान दिएको छ। यो कुरा किन गर्नुहुन्न तपाँईहरुले सरकारको पक्षमा किन बोल्नु हुन्न के यो  सरकार गणतन्त्र, यो लोकतन्त्रको विरुद्धमा बोल्न लाग्नु भयो कि जस्तो पनि आभास यहाँ आँउछ।सरकारले गरेको कुरामा किन बोल्न नसक्नु मैले अरु भन्दा धेरै पृथक कुरा म गरीरहेकोछु।आज हामी बेरोजगारी भयो, महङ्गी बढ्यो भन्ने कुरा छ।कृषि क्षेत्र बन्द छ।त्यो पनि पाएछ हामीले तपाँई हामीले कुनले गएर कृषिको काम गरेको छ।आफ्नो घरमा दुवो उम्रिराछ भने काम नगर्नी, सस्तो चाहियो तपाईंहरुले हेर्नुहोस पहिलो प्रडक्सन कस्ट हेर्नुहोस आलु कतिमा उत्पादन हुन्छ र कतिमा बेच्यो बल्ल महङ्गो र सहङ्गो भन्ने हुन्छ।त्यतिकै महङ्गो महङ्गो के को महङ्गो ? कहाँनेर महङ्गो ? त्यो कुरा थाहा छैन, त्यसरी नबोल्न म फेरी पनि अनुरोध गर्न चाहन्छु।यो जनताको जिम्मेवारी लिएर आएर बसेको यो सदनलाई तपाईंहरुले मानहानी नगर्नु भन्ने म विनम्र अनुरोध गर्न चाहन्छु।सरकारले जनधनको सुरक्षा गर्नेमा सँधै निरन्तर लागेको कुरा हामी सबैलाई जानकारी छ र सुत्नेलाई सुतेकोलाई उठाउन सजिलो नसुतेकोलाई उठाउन गाह्रो भने जस्तो यस्तो दोहोरी खेलेर यो  ठाउँको विकास पनि हुदैन, गणतन्त्रको स्थापना हुन गाह्रो हुन्छ। यो भर्खर जन्मेको गणतन्त्र हामी पहिलो प्रदेश सभामा

आएका संस्थापक सदस्य हौं । त्यसकारणले म यस्तो विज्ञ साथीहरुको अगाडि यस्तो कुरा गर्नु पर्दा म पनि अचम्म लाग्छ त्यसकारणले यो सङ्कल्प प्रस्तावमा मेरो विरोध होइन तर पनि म के भन्न चाहन्छु जन्ति त गइदिन पऱ्यो र मलामी त गईदिनपऱ्यो भने जस्तो यो सबै पार्टीका साथीहरुले सङ्कल्प प्रस्तावको समर्थन गर्न पर्दछ त म त्यसको विरोधी होईन तर मैले अघिनै भनिसके एउटा इट्टा माथी अर्को इट्टा थप्ने मात्रै हो नयाँ केही पनि आएन त्यसकारण म यो सदन मार्फत सभामुखज्यूलाई यो सरकारलाई म के अनुरोध गर्न चाहन्छु भने अवको हाम्रो नीति के हो, हाम्रो ठोस नीति आउनु पर्छ। अव हामी व्यवसाय कसरी चलाउने ? पर्यटन क्षेत्रलाई विकास कसरी  गर्ने ? रोजगारको सृजना कसरी गर्ने ? उद्योगधन्दा बन्द भएकोलाई कसरी चलाउने ? र विदेशबाट र स्वदेशमा बेरोजगारी रोजगारीको सृजना कसरी गराउने ? हाम्रो प्रदेशको रणनीति बनाउनु पर्छ भन्ने कुरामा म यहाँहरुलाई राख्न चाहन्छु। आज हामी सबैभन्दा जीउ ज्यानको सुरक्षा हामी रहे संसार रहन्छ । हामी रहेन केही पनि रहेन र आज संसारको अगि मैले राखें संसारको सबै हाम्रो मुलुक मात्र होईन संसारको संसार भरि एउटा घरबाट अर्को घरमा जान नसक्ने भने हाम्रो देशको सरकारले पुलिस प्रशासन, निजामती र निजी क्षेत्र सबैले कोभिड-१९ को वारेमा जानकारी भैसकेको छ। एक आपसमा सुरक्षा कसरी गर्ने भन्ने कुरा सरकारले जानकारी सरकारले गरी सकेको छ। त्यसकारणले अव हामी कोभिड-१९ बाट फेरी पनि संक्रमित हुनु भयो भन्ने कुरा सुन्न नपरोस् त्यसकारणले हामी डब्लुटीओले विश्व स्वास्थ्य संगठनले हामीलाई एउटा विधि दिएको छ। नियन्त्रण कसरी गर्ने भन्ने कुरा सबैलाई थाहा छ। कान कानमा तपाईंहरुको मोवाइलमा बजेकै छ भने त्यसकारणले अव

हामी विकास निर्माण गर्ने रोजगार सृजना गर्ने आर्थिक विकासलाई बिग्रेको यो सम्वन्धलाई सुधार गर्ने अग्रपंक्तिमा लाग्नलाई म सभामुख मार्फत प्रदेश सरकारलाई म विनम्र अनुरोध गर्न चाहन्छु र त्यसकारणले म अरु धेरै कुरा गर्नु भन्दा पनि अहिले कृषि क्षेत्र विकास र औद्योगिक क्षेत्र कृषि क्षेत्र र पर्यटन क्षेत्रलाई हामीले पहिलो प्राथमिकता दिन आजको आवश्यकता हो र यो हाम्रो लागि यो चुनौती पनि हो किनभने हामीले अव विदेशबाट ल्याउँदा खेरी महङ्गो भयो भने हिजो दुई डलर पर्ने सामान आज पाँच डलर भनेछ विदेशमा आज हामीले एक ठाउँबाट अर्को ठाउँमा ढुवानी गर्न सकेको छैन। त्यो वस्तु ल्याएर ग्राहकलाई व्यापार व्यवसायलाई दिएको छ।त्यो व्यवसाय प्रति धन्यवाद दिदैन तर व्यवसाय प्रति महङ्गी गऱ्यो ठग्यो भन्ने कुरा यी आदि यो नैतिक आधार होइन। तपाईंहरुले बुझ्नु पऱ्योनि कतिमा उत्पादन हुन्छ। कतिमा यो बेच्नु पर्छ भन्ने थाहा छैन महङ्गी मात्रै भयो।कष्ट प्रोडक्सन भन्दा तल बेच्दा व्यवसाय सबै डुवेको छ। कृषकहरु डुविराखेको छ।यो कुरा किन तपाईंहरु गर्नुहुन्न ? त्यसकारण म यो गरीमामय सदनबाट म मेरो छोटो कुरा राख्दै मेरो भनाई यहीं राख्दै विदा हुन चाहन्छु।धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्य श्री भागवत प्रकाश मल्ललाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री जनकलाल श्रेष्ठ।

**माननीय सदस्य श्री भागवत प्रकाश मल्लः-** माननीय सभामुख महोदय, आज हामी यो सङ्कल्प प्रस्तावको छलफलमा छौं।नेपाली काँग्रेस संसदीय दलको नेता माननीय कृष्णचन्द्र नेपाली पोखरेलले दर्ता गर्नु भएको सङ्कल्प प्रस्तावको पूर्ण समर्थन गर्न चाहन्छु।यसमा साझा रुपले

यो प्रस्ताव ल्याएको छ सरकारलाई पनि म धन्यवाद दिन चाहन्छु। त्यस्तै यो कोभिड-१९ को बिषयमा धेरै विषयहरु उठ्यो। यो प्रतिशतमा पनि आयो। तथ्याङ्कमा पनि आयो। यो साझा रुपले यसलाई लड्ने समेत यहाँ आएको छ। म सभामुख मार्फत गण्डकी प्रदेश सरकारलाई के अनुरोध गर्न चाहन्छु भने यो निश्चित रुपले भोली देखिने हिसाबले काम होस म शुभकामना व्यक्त गर्न चाहन्छु। यो कोभिड-१९ लाई म के भन्न चाहन्छु भने सभामुख मार्फत गण्डकी प्रदेश सरकारलाई सरकारी अस्पतालमा ज्यान जाने र जोगाउने अझै पनि निश्चित छैन यसमा सम्वन्धित पक्षको अलि ध्यान जाओस् भन्ने म अनुरोध गर्न चाहन्छु । सभामुख महोदय, म अलिकति फरक विषय तिर जान चाहन्छु, गएको यो साउन र भदौमा स्याङ्गजा जिल्लाको कालिगण्डकी गाउँपालिका वडानं ४ र त्यस्तै गल्याङ्ग नगरपालिका वडा नं. ९ र १० मा केही व्यक्तिहरुको पहिरोबाट ज्यान गएको थियो। त्यसमा हामी गण्डकी प्रदेश सरकारको तर्फबाट हाम्रो कानून मन्त्री पनि जानु भएको थियो त्यो बेलामा हामी प्रतिवद्धता जाहेर गरेका थियौं । त्यहाँ के जाहेर गरेका थियौं भने तपाईंहरुको सुनिश्चित बसोबास, त्यो बस्तीको चाहिँ संरक्षण, त्यहाँको खानेपानी भनेर हामी प्रदेश सरकार बोलेको थियो तर यो अहिलेसम्म लागु भएको छैन। माननीय मुख्यमन्त्रीलाई म के अनुरोध गर्न चाहन्छु भने त्यो बेलामा चाहिँ मुख्यमन्त्रीज्यूको नायकी शैली भन्ने एउटा पत्रिकामा नाम पनि आएको थियो । म फेरी पनि के अनुरोध गर्न चाहन्छु भने यो नायकी शैलीबाट यो काम पुरा होस म माग गर्न चाहन्छु र त्यस्तै हामी छलफलमा रह्यौं कोभिड-१९ बेरोजगार, महङ्गी बजेट खर्च र केही कतै भ्रष्टाचारका कुरा पनि यहाँ उठेको थियो। जसमध्ये महङ्गीको हामीले

कुरा सुन्यौं माननीय मन्त्रीजीले घाँटी सुक्ने गरी डाटा पेस गर्नुभयो। पक्का महङ्गी बढेको छैन त, पक्का चाहिँ यो डण्डीको भाउ बढेर ६२ बाट ९२ पुगेको छैन, सिमेन्टको भाउ पन्ध्र देखि पचास रुपैयाँ बढेको छैन, के जनतालाई ढाँटेकै हो, यो यथार्थ होइन त्यस हुनाले हामीले गरेको कामलाई गरेको सत्यलाई सत्य भन्न सक्नुपर्छ त्यसैले म के अनुरोध गर्न चाहन्छु भने यो महङ्गीको बिषयमा पनि यो सरकार जिम्मेवार बनेको छैन, गैर जिम्मेवार बनेको छ।यस्तो अनुभूत बनाएको छ ।यो रोष्टममा सम्मानित सभामा उभिएर यो बढेको होइन यस्तो काम गरेको होइन भनेर जुन गैर जिम्मेवारपन हाम्रो मन्त्रीज्यूको छ यसमा मेरो आपत्ति छ।त्यस्तै यो बजेट खर्चको बिषयमा प्रदेश सरकारले समृद्ध प्रदेश र यो सुखी गण्डकी प्रदेश भनेको छ, यो एउटा अनुभूत के गराउन चाहन्छु भने केन्द्रीय सरकारको एउटा शाखा अधिकृत गृह मन्त्रालयको शाखा अधिकृतले एउटा पत्र लेख्छ हुनत गण्डकी प्रदेशको सभामुखज्यूलाई अनि मुख्यमन्त्रीज्यूलाई एउटा जिल्लाको सिडीओले टेरेको अवस्था छैन। एउटा शाखा अधिकृतले एउटा पत्र अहिले जारी गरेको छ । हामीले सुखी प्रदेशबासी बनाउने अभियानमा छौं गण्डकी प्रदेशले बार्षिक बजेट ल्याएको छ । कार्यान्वयन गर्ने पक्षमा एउटा सिडीओले, एउटा जिल्लाको एसपीले ट्र्याक्टर समातेर ट्र्याक्टरमा भएको तिन हजारको मुल्य दश हजार पुग्दा पनि गण्डकी प्रदेश सरकारले के हेरेर बसेको छ । अनि सुखी प्रदेश गण्डकी सरकार बनाउन सकिन्छ ? यही हो प्रदेश सरकारको जिम्मेवारी यही हो जनतालाई महङ्गीको मार, म फेरी पनि एउटा अनुरोध गर्न चाहन्छु, के अनुरोध गर्न चाहन्छु भने अहिले आम उपभोक्ता र व्यवसायी साथीहरु मारमा छन्। एउटा डण्डी ६२ रुपैयाँको ९२ रुपैयाँमा पुगेको छ। एउटा

ट्रयाक्टरको बालुवाको मुल्य, गिटीको मुल्य त्यसको तेव्वर वढेको छ। जिल्लाको सिडीओलाई भनेर तुरुन्तै जिल्ला दररेट राखेर एउटा काम गर्ने वातावरण बनाउन सभामुख मार्फत म गण्डकी प्रदेश सरकार मुख्यमन्त्रीज्यूलाई म विनम्र अनुरोध गर्न चाहन्छु। त्यस्तै छोटकारीमा के अनुरोध गर्न चाहन्छु भने हाम्रो प्रदेशमा भ्रष्टाचार भएको छैन ? यो ग्यारेन्टी कस्ले लिन सक्छ, गण्डकी प्रदेश सरकारको मुख्यमन्त्रीले लिन सक्नुहुन्छ, भौतिक पूर्वाधार मन्त्रीजीले लिन सक्नुहुन्छ, पर्यटन मन्त्रीले लिन सक्नुहुन्छ।म तीनवटा मात्र उदाहरण दिन्छु । हामीसँग कतिवटा छत्तिस वटा निर्वाचन क्षेत्र छ।यसको पुरै यो भन्दा टेण्डर भयो मलाई थाहा छैन, मलाई लाग्छ तेत्तीस चौतिंसवटा टेण्डर बाटोको भयो भन्ने सुनेको छु। करिब एउटा अठार करोड, त्यस्तै कोही चौंतिस करोड, कोही पचास करोडको चाहिँ योजना होला। त्यसमा साइनिङ एमाउण्ट मात्रै डेडदेखि दुइ प्रसेण्ट त्यो पैसा कहाँ गयो ? यो प्रदेश सरकार जिम्मेवार हुनपर्छ। मुख्यमन्त्री जिम्मेवार हुनपर्छ।यो रोष्टममा मैले यो भन्दा पहिला यो कुरा उठाएको थिएँ। यातायातको कुरा मैले उठाएको थिएँ।के उठाएको थिएँ भने मैले केन्द्रीय सरकारले सेण्डिकेट फ्रि भन्यो । एउटा गाडीको प्रमिटलाई छ देखि नौ लाख रुपैयाँ तिरेर अहिले पनि तिरेको छ।अहिले पनि फ्रि भाछैन । त्यो पैसा कहाँ गयो त। यहाँ भ्रष्टाचार भएको छैन।त्यस्तै वन मन्त्रालय अन्तर्गत अहिले वैज्ञानिक वन भनेर पुरै वनको रुख काटिएकोछ सब गिभ एन टेक पैसामा चल्या छ।यहाँ भ्रष्टाचार भाछैन।को जिम्मेवार हुने? त्यसैले माननीय सभामुख मार्फत यो पनि छानविन होस भन्ने चाहन्छु।त्यस्तै यहाँ हाम्रो माननीय मन्त्रीज्यूहरुको आफ्नो व्यक्तिगत कुनै ट्रष्टहरु चल्या छ भन्ने सुन्या छु। अव सामान्य नागरीकलाई एउटा मापदण्ड

लाग्ने मन्त्रीज्यूलाई मापडण्ड नलाग्ने त्यो पनि भ्रष्टाचार हो।यो पनि छानविन हुनुपर्छ। त्यसैले म के अनुरोध गर्न चाहन्छु भने यो सदनमा हामी विषय एउटा छ अर्को बिषयमा छलफल भैरहेकोछ म पनि त्यसैमा गइ राख्या छु।किनभने यो हाम्रो विधि नै त्यै भैदियो र म छोटकरीमा अन्त्यमा के अनुरोध गर्न चाहन्छु भने अब यो नेपाल कम्युनिष्ट पार्टीको संसदीय दल यो सदन भैराखेको मैले देखेको छु। यो त साझा कुरा हो, ठिक हो यहाँ मैले के आँट गरेको देखेको छैन भने नेपाल कम्युनिष्ट पार्टीका साथीहरु, माननीयज्यूहरु, यहाँ एउटा सत्ता पक्ष एउटा प्रतिपक्ष जस्तो गर्नु भएको छ तर संसदीय दल भनेर छुट्टा छुट्टै गफ गर्न पनि पाइन्छ त्यो आँट गर्नु भएको छैन त्यो आँट गर्नुहोस चलाउनुहोस जनताले सबै कुरा दिएकै छ । मत दिएकै हो।त्यस्तै अन्त्यमा म सभामुख महोदय मार्फत के भन्न चाहन्छु भने म राष्ट्रिय राजनीति तिर जान चाहन्छु।यो जति पनि प्रधानमन्त्रीजीले यो अहिले संसद बिघटनको कुरा छ, यो राष्ट्रको विपरित छ।यो राष्ट्रियताको विरुद्ध छ।लोकतन्त्रको मुल्य मान्यताको विरुद्ध छ।यसको आपत्ति जनाउन चाहन्छु।जति पनि कार्यान्वयनको पक्ष छ।यो कोभिड-१९ मात्रै हैन यो सबै कुरामा कार्यन्वयन होस् भन्दै मेरो कुरा अन्त्य गर्दछु। जय नेपाल।

**माननीय सभामुखः-** माननीय सदस्य श्री जनकलाल श्रेष्ठलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री मन बहादुर गुरुङ।

**माननीय सदस्य श्री जनकलाल श्रेष्ठः-** माननीय सभामुख महोदय, यस गरिमामय सदनमा माननीय कृष्णचन्द्र नेपाली पोखरेलले दर्ता गर्नु भएको सङ्कल्प प्रस्ताव र माननीय हरिशरण

आचार्य, माननीय मायानाथ अधिकारी, माननीय गायत्री गुरुङ, माननीय कृष्ण थापाज्यूहरुको समर्थक माथि कोभिड-१९ को प्रकोपको उपचार र खोप सम्बन्धी छलफलमा भाग लिन पाउँदा खुशी लागेको छ। सभामुख महोदय, यस सम्बन्धमा यस गरिमामय सदनमा धेरै कुरा उठिसकेको छ। बर्षे अधिवेशनमा यो प्रस्ताव फेल भएको र अहिले आएकोमा साथीहरु निकै उत्साहित हुनुहुन्छ। हामीले सही कुरा लिएका थियौं। आज नाकमा डोरी लगाएर हामी पछिपछि आएको हो, सबै आयो भनेर पनि मखख भएको वातावरण सृजना भएको छ तर म के भन्न चाहन्छु भने यही प्रक्रिया अगाडि बढाइरहनु भएको भए यही प्रक्रियालाई साथ लिएर जानु भएको भए त्यही बेलामा पनि छलफल हुन सक्थ्यो। जनताको समस्यालाई समाधान गर्ने बाटो भनेको यही प्रदेशको समस्या यही सदनबाट समाधान गर्नुपर्ने परिस्थिति हुन्छ। आज यसलाई समन्वय गर्नको निमित्त हाम्रा माननीय मुख्यमन्त्रीज्यू, हाम्रा माननीय सभामुखज्यू लगायत पार्टीका प्रतिनिधी बसेर कसरी यो व्यवस्थालाई लाने कसरी लाने यो सङ्कल्प प्रस्तावलाई भनेर छलफल गर्नु एउटा निचोड निकाल्ने वातावरण सृजना गर्नु भयो। यो सबैको समस्या हो। यहाँ सत्ता पक्ष र प्रतिपक्षको कुरा छैन। जनताको समस्या हामी सबैले हल गर्नु पर्छ भनेर तपाईंहरुसँगै बसेर यो निर्णय गर्नु भएको छ। यो राम्रो प्रक्रियामा टेकेका छौं। यसलाई म के भन्न चाहन्छु भने यो सङ्घीयता आइसकेपछि प्रदेश सरकारको पहिलो सदनमा हामी उपस्थित भएका छौं। हामीले तिन बर्ष भित्र के काम गऱ्यौं गरेनौ भन्ने कुरामा हामी सबैलाई थाहा छ, नयाँ हिसाबले अगाडि आउनुपर्ने सरकार कानून निर्माण बनाउनु पर्ने, विधायनहरु विधेयकहरु बनाउनुपर्ने त्यस आधारमा आइसकेपछि हाम्रो यो कोभिड-१९ को

समस्या आइपऱ्यो। विकास निर्माणका कामहरु हुँदा हुदै तहसनहसको वातावरण सृजना भयो। आज यो पौष मसान्त सम्मको डाटामा १६९ जना मान्छे वितेको हामीले त्यहाँ दिएको छ। अहिलेको अलि बढिसकेको छ यसर्थ पनि हाम्रा अग्रजहरु हाम्रा दिदिबहिनी, दाजुभाईहरु, बा आमाहरुले शहादत प्राप्त गर्नु भएको छ जुन कोभिड-१९ बाट बित्नु भएको छ उहाँहरु प्रति सम्मान गर्न चाहन्छु, उहाँहरुको आत्माको चीर शान्तिको कामना गर्न चाहन्छु र परिवारजनहरु प्रति धैर्य धारण गर्नको निमित्त शक्ति प्रदान होस् भन्ने म चाहन्छु।यो राष्ट्र अहिले कुन परिस्थितिमा जाँदै छ भन्ने कुरामा पनि हामी लेखाजोखा गरिरहेका छौं। त्यो भन्दा पनि आज हामी मुख्य गरेर सङ्कल्प प्रस्तावमा तेह्रवटा वुँदाहरु जुन आएको छ, त्यही बिषयमा हामी कसरी जाने भनेर हामी छलफलमा बसिरहेका छौं, किनभने तेह्रवटा बुँदाहरुले कसरी पार पाउन सक्छ कसरी लान सकिन्छ कुन कुन समस्यालाई समाधान गर्ने वातावरण कसरी गर्न सकिन्छ भन्ने कुराहरु राखिएको छ।अझ मलाई डर लागेको छ, त्यहि बुदा नं. ९ मा जुन यो नयाँ कोराना भाइरसको रुप आएको छ।त्यो तपाईंको युके देखि लिएर अमेरिका युरोपिय देशहरुमा अगाडि बढिरहेको परिस्थितिमा अहिले हाम्रै नाता पर्ने अमेरिकामा बस्छन् युकेतिर बस्छन्। उनीहरुको खबर आँउदाखेरी म त्रसित हुन्छु।कैयौ दिनसम्म घरभित्र बसिरहेका छन् बाहिर जान पाएको छैनन्, गर्दा गर्दा यातायात सब बन्द भैसकेको छ।अहिले हाम्रो देशबाट पनि युरोपतिर जाने तपाईंको चाहिँ प्लेनहरु बन्द गरीएका छन्। यसकारण त्यो झट्ट पहिला आइसकेपछि त्यसलाई हामीले कसरी समाधान गर्न सकिन्छ किनभने १९ मा लागेको भएपनि त्यसलाई त केही समाधान गर्ने वातावरण सृजना भएको छ

केही न केही, पहिलाको जस्तो स्थिति छैन तर त्यो आइसकेपछि स्थिति के होला ? भयावह कस्तो होला ? यसर्थ पनि प्रदेश सरकार हामी सम्पूर्ण माननीय सांसदहरु गम्भीर हुनु पर्दछ किनभने धेरै साथीलाई त भने कोही आफ्नैलाई लाग्या छ भने मेरै घरभित्र पनि कोराना भाइरस पाँच जनालाई लागेको थियो। समस्या के हुन्छ भन्ने कुरा हामीलाई पनि थाहा छ। कति दुख हुँदैछ भन्ने कुरामा सास फेर्न नसकेर मेरै छोरालाई त्यो स्थितिको सृजना भयो बरु यो श्वास फेर्न दुख भएर बाँच्न भन्दा बरु गैदिए हुन्थ्यो भन्ने यो आत्माले भन्ने वातावरण हुन्छ। यसकारण म के भन्न चाहन्छु भने रोग निवारण गर्नको निमित्त जुन हामीले यहाँ लक्ष्य अनुसार काम गरेका छौं। त्यो हामीहरु सबैको दायित्व हो त्यो भन्न चाहन्छु। अर्को कुरा सभामुख महोदय, यहाँ म पनि नवलपुरवासी भएको हुँदाखेरी नवलपुरको कुराहरु केही यहाँ राख्ने अनुमति चाहन्छु किनभने आफ्नो जिल्ला त्यही जिल्लाका साथीहरुबाट चुनिएर आइसकेपछि त्यहाँको समस्याहरु र त्यहाँ गरेका कामहरु र गण्डकी प्रदेश सरकारले त्यहाँ के के काम गरेको छ भन्ने कुरा पनि मैले केही झल्काउन चाहन्छु। नवलपुर जिल्ला मध्यबिन्दु जिल्ला अस्पतालमा पिसीआर मेशिन आयो काम गरेन भनेर अस्ति हाम्रा माननीय सदस्य ज्यूले भन्नुभएको थियो कि त्यो सत्य कुरा हो किनभने संघबाट आएको थियो तर त्यहाँ काम चाहिँ केही अडकिएको थियो। प्राविधिक स्टेप अड्केको थियो तर त्यतिकै बसेको छैन भन्ने कुरा म यो सदनलाई जानकारी दिन चाहन्छु। किनभने प्रदेश सरकारले त्यहाँ पठाएर गइसकेपछि कसरी राख्ने के गर्ने भनेर भनेपछि यहाँ चार जना प्राविधिक गइसकेपछि त्यो तालिम दिएर फर्किसक्नुभएको छ र चार जना प्राविधिक तम्तयारमा छन् र कहाँ कसरी मेशिन राख्नपर्छ

भनेर सब तयार भैसकेको  निमित्त त्यहाँ अब चाहिँ व्यवस्थापन समितिका साथीहरुले त्यो कार्य अगाडि बढेको छ। मैले के पनि सोधेको थिएँ डाक्टर साबलाई भने तपाईंले त्यो कसरी जान्नु भएको छ के छ जस्तै यो कोभिडको नयाँ स्वरुप भेरिएन्ट १ को समस्या यदि आइपर्‍यो भने हामीले त्यहाँ गर्न सकिन्छ सकिदैन? त्यसको निमित्त के छ?अब आउने भ्याक्सिनको. निमित्त त्यहाँ ठाउँ बनायौं कि बनाएको छैन? भनेर मैले त्यहाँ डाक्टर सावलाई मैले फोन गरेको थिएँ, डाक्टर गोपाललाई। उहाँले भन्नुभयो माननीयजी यी व्यवस्था हामीले गरेका छौं।त्यसको निमित्त हामीले व्यवस्था गरिसकेका छौं। अव प्रदेश सरकारबाट प्रदेश सरकारको तर्फबाट यो जिल्ला सरकार भएको हुँदा खेरी, जिल्ला अस्पताल भएको हुँदाखेरी त्यसको निमित्त तपाईंहरुले पठाइदिएपछि हामी तम्तयार छौं भन्नु भएको छ। यसकारण म के भन्न चाहन्छु भने कोभिड-१९ को निमित्त नवलपुरको निमित्त त्यहाँ त्यो व्यवस्था सिर्जना गरिएको छ। अर्को त्यहाँ बुकलेट छ जुनमा त्यहाँ अब हुनत त्यहाँ लेख्न नपर्ने भएर हो कि के हो ? सभामुख महोदय, प्राकृतिक चिकित्सालय रजहर नवलपुरमा यसमा राम्रो काम भएको छ त्यहाँ, प्राकृतिक रुपमा कसरी औषधी गर्ने कोराना लागेका मान्छे कति जना त्यहाँ बसे, कसरी कामहरु भयो भन्ने कुरामा त्यहाँ काम भएको छ।त्यसमध्येमा प्रदेश सरकारले ७६ लाख ७५ हजार त्यहाँ लगानी गरेको छ।त्यहाँको व्यवस्था कसरी गर्ने र के गर्ने भन्ने कुरामा त्यस्तै गरेर आएर ६० लाख रुपैयाँ त्यहाँ लगानी गरेको छ । त्यस्ले गर्दा खेरी ७ सय ८५ जना बिरामीहरुलाई सेवा उपलब्ध गराएको छ र त्यहाँ राम्रो काम गरेर सञ्चो भएर घर जाने वातावरण सृजना गरेको छ।यसकारण के भनौं भने यो प्रदेश सरकारले नवलपुरलाई हेरेको

छ है भन्ने कुरामा म जानकारी दिंदै जुन यो तेह्रवटा बुँदाको सङ्कल्प प्रस्ताव आएको छ, हामी सबै डटेर कसरी यसलाई अगाडि बढाउनु पर्छ भन्ने कुरामा एकमना एकताका साथमा अगाडि बढौं भन्दै मेरो दुई शब्द यही टुङ्ग्याउँछु। हवस् त धन्यवाद। नमस्कार।

**माननीय सभामुखः-** माननीय सदस्य श्री मन बहादुर गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री विन्दु कुमार थापा।

**माननीय सदस्य श्री मन बहादुर गुरुङः-** सभामुख महोदय, सर्वप्रथम कोभिड-१९ महामारी विरुद्ध दिन रात खटिरहनु हुने, जुटिरहनु हुने, लडिरहनु हुने, अग्रमोर्चामा संघर्षरत प्रदेश सरकार, स्थानीय सरकार, सङ्घीय सरकार, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, संचारकर्मी, जनप्रतिनिधि, कर्मचारी, आम नागरिकमा म धन्यवाद दिन चाहन्छु। सम्मान गर्न चाहन्छु। मैले यो कुरा किन गरिराखेको छ भने कतै हामी सङ्कल्प प्रस्ताव माथि छलफल गरीराख्दा ती दिन रात नभनी खटिरहनु हुनेहरुको कतै आत्मामा चोट पुऱ्याउने काम त भएन ? कोभिड-१९ लाई यो अवस्थामा नियन्त्रण र रोकथाममा यो अवस्थामा ल्याउनुहुने प्रदेश सरकार माथि कतै चोट पुऱ्याउने काम त भएन ? त्यसकारण छलफलमा सहभागी छु र उहाँहरुलाई सम्मान गर्न चाहन्छु। कोराना महामारीबाट ज्यान गुमाउने सबैमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु।कोरानाका कारण संक्रमित भई उपचाररत सबैमा शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु। मैले अलि नबुझेको हो कि ? नजानेको हो कि ? यो सदन सत्य बोल्ने थलो, जनताको कुरा जनताको आवाज बुलन्द गर्ने थलो भनेर भनिन्छ तर साँच्चिकै रुपमा

सकारात्मक कुरा, खुशीको कुरा कतै पनि आएको देखिदन के यो सत्य हो? यो सङ्कल्प प्रस्ताव पेस गरिराख्दा वा छलफल गरिराख्दा साँच्चिकै रुपमा मैले कसैलाई आरोप लगाउन खोजेको होइन टिप्पणी गर्न खोजेको पनि होइन र आलोचना गर्न खोजेको पनि होइन। म त्यो अधिकारिक व्यक्ति पनि होइन तर सत्य के हो भने हामीले दुइटा नियमित अधिवेशनहरु पार गर्दै आयौं दुइटा अधिवेशन हामीले पास गर्दै आयौं । सर्वसम्मत हामीले विनीयोजन विधेयक हामीले सिद्धान्त के बनायौं। हामीले प्राथमिकता केलाई बनायौं कोभिड-१९ लाई प्राथमिकता बनाएको होइन। सिद्धान्त कोभिड-१९ लाई नजर बनाएर सिद्धान्त बनाएको होइन। हामीले त्यसैमा टेकेर नीति कार्यक्रम कोभिड-१९ लाई नियन्त्रण र रोकथाम कसरी गर्न सकिन्छ भन्ने आधारमा नीति तथा कार्यक्रम ल्याएको होइन। हामीले त्यति मात्र होइन कोभिड-१९ को बारेमा लाई नियन्त्रण गर्नको निमित्त रोकथाम गर्नको निमित्त बजेटको पनि व्यवस्था पनि गरेर यो ठाउँमा आइसकेको छ।हिजो हामीले विगतका दिनहरु सम्झिदा हामीले सदन अवरुद्ध गरेको होइन, कोभिड-१९ लाई नियन्त्रण गर्नुपर्छ भनेर, सदन अवरुद्ध त भयो तर कसरी खुला भयो भन्ने पनि अनभिज्ञ भए म त।त्यो त ताजा छ नि हामीले सङ्कल्प प्रस्ताव ल्यायौं तर सङ्कल्प प्रस्ताव कसरी आउन पर्दो रहेछ कसरी ल्याउन पर्दो रहेछ भन्ने कुरा त हामीले त्यतिकै तपाईंको अस्विकार गरेको होइन नि त्यो त इतिहास साँच्ची छ नि, त्यसकारण मैले यो भन्न खोजेको के हो भन्दा खेरी यो प्रसङ्ग आइराख्दा, यो छलफल गरिराख्दा साँच्चै कोभिड-१९ को कहर पश्चात गण्डकी प्रदेश सरकारको भूमिका गैर जिम्मेवारी छ भन्छ क्या, चरम असंवेदनशील छ भन्छ क्या, नागरीक प्रति सामान्य उत्तरदायि पनि छैन यो सरकार भन्छ।

यो सरकार पूर्णरुपमा असफल भयो भनेर भन्छ मुख्यमन्त्रीज्यूलाई पटक पटक लौन लौ भन्दा पनि कुनै काम नगरेको भनेर यो मञ्चबाट भन्छ के यो सत्य हो? त्यसो भएको भए कोभिड-१९ यो अवस्थामा आइन्थ्यो? यसो भनिराख्दा यो सरकारले सम्पूर्ण काम गर्‍यो, नियन्त्रण गरिसक्यौं, रोकथाम गरीसक्यौं भन्न खोजेको होइन इतिहास हेर्नुस त हिजो हङकङ पुर्‍याएको होइन ? पिसीआर टेष्ट गर्नको लागि हामीसँग एउटा ल्याब थियो हामीसँग एउटा पिसीआरको मेशिन थियो तर सकारात्मक कुरा के छ भने फेरी नेपाल जस्तो विकासोन्मुख राष्ट्र त्यसमा पनि सिमित श्रोत र साधन भएको मुलुक कोभिड-१९ को असरबाट प्रदेशलाई बचाउन जनताको जन जीवन सहज गर्न गण्डकी प्रदेश सरकारले केही पनि गरेन भन्नु न्यायसंगत हुदैन भनेर भनेको छ के यस्ले के पुष्टि गर्छ भन्दाखेरी सरकारले धेरै काम गरेको भन्ने कुरा पुष्टि हुन्छ भन्ने मलाई लाग्दछ। तथ्याङ्क दियो मन्त्रीज्यूले सामाजिक विकास मन्त्रीज्यूले बर्षभरि गरेको कामको फेहरिस्त हाम्रो अगाडि दिएको छ। प्रस्तुत गरिसकेको छ। त्यो फेहरिस्त तथ्याङ्क सही भएन भन्ने फेरी हामी यो आवाज पनि उठाउँछौं। त्यसकारणले म के मात्रै आग्रह गर्न खोजेको हो भने के मात्रै निवेदन गर्न खोजेको हो भने यो सत्य बोलौं, यो सत्य बोल्दाखेरी कोभिड-१९ नियन्त्रण गर्न सक्छ। कोभिड-१९ तपाईंको रोकथाम गर्न सकिन्छ भन्ने हो। त्यसकारणले जहाँसम्म नयाँ कोराना आएको छ रे युरोपतिर भन्ने सन्दर्भको कुरा छ। बेलायतबाट आएको तीन जना नेपालीको स्वाव टेष्ट गर्नको लागि हङकङ पठाएको छ त्यसैले सरकार तयार छ भन्ने कुरा यसले जनाँउछ। सङ्घीय सरकार यसले तयार छ भन्ने कुरा यसले जनाउँछ, मैले धेरै कुराहरु राखिराख्नु भन्दा पनि यो सरकारले साँच्चिकै रुपमा

कोरानाको बारेमा हेलचेक्र्याई गरेको हो त? गैरजिम्मेवारी भएको हो त? उत्तरदायी नभएको हो त ? जवाफदेही नभएको हो त? यदि जवाफदेही नभएको हो भने प्रत्येक स्थानीय निकायमा पन्ध्र शैया देखि पच्चीस शैया सम्मको हस्पिटल बनाउन शिलान्यास त भैसक्यो नि, प्रदेश सरुवा रोग अस्पतालहरु प्रदेश प्रदेशमा बनाउने कुरामा शिलान्यास त भैसक्यो नि, के यो सरकारको उपलब्धि होईन ? यो सरकारले काम गर्न खोजेको होइन ? त्यसकारण जहाँसम्म जुन खोपको कुरा छ। खोप त सरकारले फागुनमा ल्याउँछु भनेकै छ। यो भन्दा खुशीको कुरा के हो ? हामीले बनाउन नसकेको कमसेकम अरुले बनाइदिदा पनि हामीले ल्याउने कुरा त करिव करिव सामाजिक सञ्जालमा सरकारका केही साथीहरुबाट पक्कै पनि बोलिसकिएको छ। प्रतिवद्धता जाहेर गरिसकेको छ त्यसकारण म यो सङ्कल्प प्रस्तावको बारेमा अलिकति केही कुराहरु राख्ने अनुमति चाहन्छु। यो तेह्र बुँदामा एक नम्बरको बुंदामा पिसीआर परीक्षण वृद्धि गर्ने भन्छ आवश्यकता अनुसार थप पिसीआर मेशिन खरिद गरी नागरिकलाई सहज हुने गरी थप अन्य स्थानमा परीक्षणको व्यवस्था मिलाउने भनेको छ, यो मेरो विचारमा यो सङ्कल्प प्रस्तावको महत्वपूर्ण विषय होइन जस्तो लाग्छ मलाई। हामी अझै पनि सङ्कल्प साझा सङ्कल्प प्रस्ताव ल्याइराख्दा, हामी गम्भिर तरिकाले हामी घनीभूत तरिकाले गहिराइमा जान सकेनौं कि साँच्चीकै रुपमा सरकारले पिसीआर वृद्धि गरेको छैन? आवश्यकतानुसार वृद्धि **(माननीय सभामुखज्यूबाट समय सकिएको जानकारी)** गरेको छैन। त्यसकारण सरकार यो कुरामा सजक छ। जनता प्रति उत्तरदायी छ, जनता प्रति जवाफदेही छ र यो सरकारले कोरानालाई निश्चित रुपमा नियन्त्रण पनि गर्न सक्छ, रोकथाम पनि गर्न

सक्छ। म यो आशाका साथ प्रदेश सरकारलाई वा स्थानीय सरकालाई संघ सरकारलाई समर्थन गर्दछु र यो जुन सङ्कल्प प्रस्तावको समर्थन गर्दै आफ्नो भनाई अन्त्य गर्दछु। धन्यवाद।

**माननीय सभामुखः**- माननीय सदस्य श्री विन्दु कुमार थापालाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री विन्दु कुमार थापाः-** सभामुख महोदय, हामी आज प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेस र जनता समाजवादी पार्टी नेपालद्वारा प्रस्तुत विशेष अधिवेशन अन्तर्गत कोभिड-१९ को परीक्षण उपचार पूर्वाधार र खोप सम्बन्धी सङ्कल्प प्रस्ताव उपर राखिएको छलफलमा यस सम्मानित सभामा केही कुरा राख्ने अनुमति चाहन्छु।सर्वप्रथम त यो कोभिड-१९ बाट मैले अलि निको भैसकेको घाउलाई नकोट्याउँ भनेर सोचिराखेको थिएँ। पुर्ववक्ता माननीयज्यूले अलिकति कुरा कोट्याएको हुँदाखेरी यो तर्फ पनि म राख्न चाहन्छु। कोभिड-१९ बाट म पनि एउटा पिडित परिवारको सदस्य हुँ। करिब आजभन्दा दुई महिना अगाडि अहिलेको जस्तो अलि करिव करिव सामान्य जस्तो स्थिति थिएँन त्यो बेलामा अलि कोभिडले अलि डरलाग्दो अवस्था थियो। मेरो सासु आमा पिसीआर टेष्ट गर्न त भ्याइएन तर उहाँ चाहिँ कोभिडको पूर्ण लक्षणहरु देखिएको थियो र चाहिँ उहाँलाई पोखराको सबै हस्पिटलमा यो फिस्टेल सिटी हस्पिटल, चरक मेमोरियल, गण्डकी हस्पिटल कसैमा पनि यो आइसियु बेड उपलब्ध हुन सकेन। म एउटा यही पोखरामा जन्मेको, हुर्केको यही पढेको हिसाबले पनि धेरै डक्टरहरु साथीहरु हुनुहुन्छ धेरै पहुँच मेरो छ जस्तो लाग्छ यद्यपि कुनै पनि हस्पिटलमा

आइसियु बेड नपाइसकेपछि डक्टरहरुले सास फेर्न गाह्रो भयो अक्सिजन घट्यो भने मात्रै हस्पिटल ल्याउनुहोस् नत्र घरमै राख्नुहोस भनेको हुनाले घरमै राखियो पछि सास फेर्न गाह्रो भयो अक्सिजनको लेवल पनि ९५ हुनुपर्नेमा ६४ मा झरिसकेपछि हामीले हस्पिटल लान खोज्दाखेरी कुनैपनि हस्पिटलमा बेड चाहिँ पाइएन। यो दुई महिना करिब अगाडिको कुरा हो त्यसपछि मैले स्वास्थ्य निर्देशक विनोद विन्दु शर्मालाई फोन गरे उहाँले नियमित मेरो फोन उठाइराख्नु हुन्थ्यो तर त्यो बेलामा दुर्भाग्यवश उहाँले उठाउनु भएन र सामाजिक विकास मन्त्रीलाई फोन गरे आत्तिएर उहाँले पनि फोन उठाउनु भएन र मणिपाल हस्पिटलमा त्यो जनरल वार्डमा राखेर जनरल वार्डमा भोलीपल्ट काठमाण्डौ लाने शर्तमा हेलिकप्टर चार्टर गरीसकिएको थियो। त्यो शर्तमा मणिपालमा राखियो इमरजेन्सीमा उहाँ साढे नौ बजे एक्सपायर हुनु भयो र ससुरालाई पनि फेरी कोभिड भयो र त्यो घरपरिवारमा धेरै जनालाई चार पाँच जनालाई नै कोभिड भयो र हामीले ससुरालाई चाँहि मेरो ससुरालाई काठमाण्डौमा नर्भिकमा लगेर हेलिकप्टर चार्टर गरेर बचाएर ल्याउन सकियो एक जनालाई एक जना चाहिँ हामी माझ रहनुभएन। त्यो बेलामा सामाजिक विकास मन्त्रीज्यूले भोलीपल्ट बिहान मात्र मलाई कल ब्याक गर्नु भाथ्यो, मिस कल, उहाँले बेलुका उठाइदिएको भए देखि सायद कुनै हस्पिटलमा एउटा सम्म बेड खाली भएको भए हामी त्यहाँ पुऱ्याउन सक्थ्यौं कि भन्ने मलाई लाग्छ। अब यत्तिको सांसद जस्तो पहुँच भएको मान्छेलाई यति गाह्रो थियो त्यो बेलामा भने अरु जनसाधारणको अवस्था कस्तो होला? त्यति मात्रै यो कुरा म यहाँ राख्न चाहन्छु र अर्को पूर्ववक्ता विद्वान माननीयज्यूले कोभिड-१९ को सन्दर्भमा जुन यो बर्षे अधिवेशनमा प्रमुख

प्रतिपक्ष दल नेपाली काँग्रेसले यो जुन सङ्कल्प प्रस्ताव पेस गरेको थियो त्यो ढोकाबाट नआइकन झ्यालबाट आयो अलि गैरकानूनी तरिकाबाट आयो भन्ने जस्तो भाषाको अलि गैरजिम्मेवार भाषा यो सम्मानित सभामा प्रयोग गरेको मैले महसुस गरें यदि त्यो ढोकाबाट नआइकन झ्यालबाट प्रवेश गरेको भएदेखि त्यो दर्ता हुने थिएन होला। यो सम्मानित सभामा छलफल हुने थिएन होला र त्यो बेलामा एउटा निर्णयमा पनि हामी पुग्न सकिने थिएँन होला, अब त्यो बेलामा अलिकति नेपाल कम्युनिष्ट पार्टीको दुई तिहाइको अलिकति दम्भ थियो त्यो दम्भको कारणले त्यो अस्विकृत भयो, असफल भयो र अहिले त्यो बेलामा पास भएको भएदेखि सायद धेरै कुराहरु अहिलेको जस्तो धेरै धन जनको चाहिँ क्षति हुने थिएँन जस्तो मलाई लाग्छ। त्यसकारण यस्ता विवादित कुराहरु यो सम्मानित सदनमा नबोल्दिनु हुनको लागि म विद्वान माननीयज्यूहरुलाई आग्रह गर्न चाहन्छु र यो मेरो दोहोरी पनि होइन, र यो पनि म अलि प्रष्ट पार्न चाहन्छु। विश्व महामारीको रुपमा फैलिएको कोराना कहर नेपालमा पहिलो केस २४ जनवरी २०२० मा देखिएको हो। कोरानाबाट नेपालमा आजको डाटा अनुसार १९५९ संक्रमितको मृत्यु भैसकेको छ र त्यतिकै ठूलो मात्रामा सम्पत्तिको क्षति हुनुको साथै ठूलो मात्रामा रोजगारी गुमेको छ। सभामुख महोदय, कोरानाको कारण देशको कलकारखाना, उद्योग, पर्यटन व्यवसाय ठप्प जस्तै छन् । पर्यटनको राजधानी रहेको यो प्रदेश त झन पर्यटन उद्योग मरणासन्न अवस्थामा पुगेको छ । देश विदेशबाट ठूलो संख्यामा रोजगारी गुमाएर नेपालीहरु घर फर्किएका छन् । जनताहरु विपन्नता, गरिबी र औषधी उपचारको अभावमा डिप्रेशनमा जाने आत्माहत्या गर्ने पारिवारीक बेमेल आपराधिक घट्नामा वृद्धि भएको

अवस्था विद्यमान छ। गण्डकी प्रदेश सरकारले उद्योग व्यवसायलाई बचाउन भनी एक अरबको व्यवसाय जीवन रक्षा कोषको ०७७/७८ को बजेटमा ठूलो ताम झामका साथ व्यवस्था गर्‍यो र व्यवसायीहरु पनि साह्रै उत्साहित भए। आज सात महिना लागिसकेको छ अझैपनि कार्यविधि बनिसकेको हामीलाई जानकारी छैन। कोषको वितरणको त कुरै नगरौं। मरिसकेपछि औषधीको के काम भने जस्तै गण्डकी प्रदेश सरकारको बजेटमा नारा राम्रा राम्रा गर्ने कार्यन्वयन नगर्ने, निर्देशन दिने सर्भिस डेलिभरीमा ख्याल नगर्ने अभियानमा लागि परेको छ।माननीय सभामुखज्यू, गण्डकी प्रदेशका मन्त्रीहरु सङ्घीय सरकारले गरेको संविधान विपरित जनमत र लोकतन्त्रका साथै सङ्घीयता विपरितको कदम पौष ५ को संसद विघटनको बचाउ गर्नको लागि परेका छन।संविधानको धारा ८५ को गलत व्याख्या गरी संविधानमा व्यवस्था नभएको अधिकारको प्रयोगको रक्षा गर्न जुटेको देखिन्छ।सङ्घीय मन्त्रीहरुको कुर्ची जोगाउन हाम्रा प्रदेशका मन्त्रीहरु लागिपरेको देखिन्छ। सभामुख महोदय, केही मन्त्रीले त वैशाख १७ र २७ गते हुने सपना देखाइएको संघको निर्वाचनमा लड्ने समेत उद्घोष समेत गरे। सर्वोच्च अदालतमा विचाराधीन रहेको मुद्दालाई प्रभावित पार्ने गरी जिम्मेवार मन्त्रीहरुले यस्तो सस्तो लोकप्रियता र अनर्गल वक्तव्य सदनबाटै उद्घोष गर्नु हास्यास्पद छ। वैशाखमा निर्वाचन गर्ने गरी यो घोषणा गरिएकै होइन।कुनैपनि हालतमा निर्वाचन वैशाखमा हुनै सक्दैन। अझ यहाँ स्मरणीय कुरा के छ भने प्रदेशमा पनि आँफु अनुकूल नचलेमा प्रदेश पनि आँफु अनुकूल नचलेमा त्यो पनि विघटन हुन सक्छ भनी जिम्मेवार व्यक्तिहरुबाटै धम्की आउनु अझै दुःखद हो। गण्डकी प्रदेश सरकार कोभिडका बिरामीको उपचार तथा उचित व्यवस्थापन

गर्न भन्दा पनि कुर्ची जोगाउने खेलमा लागेको छ। सभामुख महोदय, प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेस भुकम्प, नेपाली सिमा रक्षा, गुमेको भुभाग फिर्ता गर्ने सम्वन्धमा र कोभिड-१९ जस्ता राष्ट्रिय समस्या तथा विकास निर्माण र समृद्धिका सवालमा सरकार सँग एकाकार भएर सँगसँगै हातेमालो गरेर अगाडि बढ्न र सहयोग गर्न चाहन्छ र राजनैतिक स्वार्थ भन्दा पनि माथि उठेर सरकारको राम्रो जनमुखी कार्यको समर्थन सहकार्य र साझेदारी निष्पक्ष खवरदारी गरी समग्र प्रदेशको हितको लागि र स्वास्थ्य सम्वेदनशीलता प्रति प्रतिवद्ध छ। सोही अनुरुप गण्डकी प्रदेश सभामा प्रतिपक्षमा रहेका नेपाली काँग्रेस र जनता समाजवादी पार्टी नेपालले कोभिड-१९ को विरुद्धको लडाईंमा सरकार चुकेको अकर्मण्यता देखाएको मिठा मिठा बोल्ने कार्यान्वयन नगर्ने भएकाले सरकारलाई सचेत गराउन, कर्तव्य तर्फ जिम्मेवार गराउने विशेष अधिकार अन्तर्गत यो सङ्कल्प प्रस्ताव पेस गरेको छ । सभामुख महोदय, संविधानको धारा ३५ को उपधारा १ र ३ मा गरिएको स्वास्थ्य सम्वन्धी मौलिक हकको व्यवस्था ऐच्छिक नभइ बाध्यकारी हो भन्ने कुरा यहाँ म सरकारलाई स्मरण गराउन चाहन्छु र कार्यान्वयन गर्नको लागि पनि म अनुरोध गर्न चाहन्छु। खासगरी भन्नुपर्दा आवश्यक उपकरणको अभाव र दक्ष जनशक्तिको कमी र श्रोत साधनको अभाव नै आजको चुनौती देखिएको परिप्रेक्ष्यमा यो सङ्कल्प प्रस्ताव साझा सङ्कल्पमा लगेर आगामी दिनमा गण्डकी प्रदेश सरकार कोरोना कहर त्यसपछि आएको नयाँ प्रजातिको कोरोनाको उपचार र व्यवस्थापन, गुमेको रोजगारी बढाउने र महङ्गी नियन्त्रण गर्ने तर्फ सरकार जिम्मेवार भएर लागोस् । प्रतिपक्ष दलको राम्रो र जायज सुझाव र सहयोगलाई अन्यथा व्याख्या नगरी सकारात्मक

रुपमा बुझोस् र भ्याक्सिन खरिद, दक्ष जनशक्तिको व्यवस्थापन र भण्डारणको क्षमता स्तरीय र भरपर्दो गरोस् र कोरोनाबाट प्रभावित उद्योग कलकारखाना व्यवसायीहरुलाई राहत **(माननीय सभामुखज्यूबाट समय सकिएको जानकारी)** प्याकेज ल्याई सरकार भरोसाको केन्द्र बनोस् यही सुझावका साथ मेरा भनाई अन्त्य गर्दछु। धन्यवाद। जय नेपाल।

**माननीय सभामुखः**- माननीय सदस्यहरु, अब यो बैठक २०७७ साल माघ ६ गते बिहान ११.०० बजे सम्मका लागि स्थगित हुन्छ।

(तदन्तर गण्डकी प्रदेश सभाको अर्को बैठक मिति २०७७ साल माघ ६ गते बिहान ११ बजे बस्ने गरी दिनको ४ बजेर २३ मिनेटमा स्थगित भयो।)